# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २९ गते २०२८ साल

### निर्वाचन आयोगको

### सूचना

वर्गीय तथा व्यावसायिक संगठन (निर्वाचन कार्यबिधि) ऐन २०२५ को दफा ३० (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल यातायात तथा औद्योगिक मजदूर सभा केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्य, नेपाल मजदूर संगठन केन्द्रीय परिषद्का सदस्य र नेपाल मजदूर संगठन केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन सम्बन्धी मिति ०२८–२–२४ को नेपाल राजपत्र भाग ३ को अतिरिक्तांक ८ मा प्रकाशित भएको आदेशको प्रकरण ४ (क) को सट्टामा देहायको ४ (क) राख्ने गरी यस आयोगबाट यो आदेश जारी गरिएको छ।

४ (क) हेर्नसम्म चाहेमा कागज जिम्मा लिएको सम्बन्धित कर्मचारीको रोहबरमा कागज हेर्नको लागि रू १।– (एक) को टिकट सहितको दरखास्त दर्ता गराउनु पर्नेछ।

आज्ञाले–
लक्ष्मणप्रसाद रिमाल
निर्वाचन आयोगको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।